# काठमाडौं महानगरपालिका

यँ महानगरपालिका ज्याकूथि

## नगर कार्यपालिकाको कार्यालय

**बागदरबार, काठमाडौं**

**बाग्मती प्रदेश, नेपाल**

**(प्रशासन विभाग)**

पत्र संख्या: ०७९/०८०
चलानी नं. ११०८

मिति: २०७९/८/२३

श्री सबै वडा कार्यालय (१ देखि ३२ वडा),
काठमाडौ महानगरपालिका ।

**विषय:- सूचना प्रविधि सम्बन्धी परामर्शदाता लिने ।**

प्रस्तुत विषयमा मिति २०७९/०८/२१ गतेको प्रमुख प्रशासकीय अधिकृतस्तरी निर्णय अनुसार वडा कर्यालयबाट नै संलग्न कार्यक्षेत्रगत शर्त बमोजिमको सूचना प्रविधि परामर्शदाता नियुक्त गर्न हुन अनुरोध छ ।

महेश कुमार काफ्ले
विभागीय प्रमुख

**सादर अवगतार्थ तथा बोधार्थ:**

श्रीमान् प्रमुखज्यू, का.म.पा. ।
श्रीमान् उप–प्रमुखज्यू, का.म.पा. ।
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, का.म.पा. ।
श्री वित्त विभाग, का.म.पा.– निर्णय अनुरसार वडा कर्यालयमा निकाशा दिन हुन ।
श्री सुचना प्रविधि विभाग,का.म.पा.–आबश्यता अनुसार समन्वय गरिदिन हुन ।

बागदरबार, काठमाडौं नेपाल, फोन नं. :४२३१४८१,४२६७३९० फ्याक्स ९७७-१-४२६८५०९
ईमेल : mayor@kathmandu.gov.np, वेभसाइट Http//www.kathmandu.gov.np

Scanned with CamScanner

काठमाडौं महानगरपालिका, .... नं. वडा कार्यालयको लागि सूचना प्रविधि सम्बन्धी परामर्श सेवा खरिद कार्यको कार्यक्षेत्रगत शर्त (TOR)

१. पृष्ठभूमि

काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०७९।८० को वार्षिक नीति कार्यक्रमको बुंदा नं. १२३ मा काठमाडौं महानगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सुचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रवर्द्धन गरिनेछ भन्ने नीतिगत व्यवस्थाको रहेको छ। यसलाई कार्यान्वयन गर्ने क्रममा महानगरपालिकाको प्रमुख सेवा केन्द्रको रुपमा रहेको वडा कार्यालयमार्फत अनलाईन तथा डिजिटलमाध्यमबाट राजस्व संकलन, सिफारिस, नक्शापास जस्ता सेवालाई सञ्चालनमा ल्याएको छ। वडाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई डिजिटल माध्यमबाट प्रभावकारी ढंगले सञ्चालन गर्न वडा कार्यालयमा सूचना प्रविधि सम्बन्धी जनशक्ति वा सो सम्बन्धी सेवा उपलब्धि हुनु अति आवश्यक हुन्छ। काठमाडौं महानगरपालिकाको २८ औं महानगर दिवसको अवसरमा यही मंसीर २९ गतेबाट वडा कार्यालयहरुबाट सञ्चालनमा ल्याउन लागिएको डिजिटल हस्ताक्षर सहितको डिजिटल सिफारिस लगायतका सेवा सञ्चालनमा आवश्यक सहयोगका IT सम्बन्धी परामर्श सेवा वडामार्फत नै खरिद गर्न आवश्यक भएको हो।

२. उद्देश्य

काठमाडौं महानगरपालिका वडा कार्यालयहरुबाट प्रवाह हुने सेवालाई डिजिटल प्रणालीमार्फत सञ्चालन गर्न सेवा सम्बद्ध प्रणाली सञ्चालन गर्न वडा कार्यालयमा हाल प्राविधिक जनशक्ति नभएको र जनप्रतिनिधि र कर्मचारीलाई सो सम्बन्धी तालिम तथा सहजीकरण गर्न आवश्यक देखिएकोले सम्बन्ध परामर्श सेवा आपूर्ति गर्न योग्य फर्म तथा कम्पनीबाट छोटो अवधिको लागि यो सूचना प्रविधि सम्बन्धी परामर्श सेवा प्राप्त गर्ने उद्देश्यले यो कार्यक्षेत्र तयार गरिएको हो।

३. कार्यक्षेत्र तथा सम्पादन गर्नुपर्ने कार्यहरु

परामर्शदाता फर्म वा कम्पनीले सेवा आपूर्तिको लागि तोकिएको योग्यता पुगेको IT सम्बन्धी जनशक्ति उपलब्ध गराउनु पर्नेछ। परामर्श सेवा आपूर्तिकर्ताको कार्यक्षेत्र तथा कार्यविवरण देहाय बमोजिम हुनेछ।

(क) परामर्शदाता फर्म कम्पनीले तोकिएको योग्यता भएका जनशक्तिलाई सम्झौता अवधिभरी अर्थात ३ महिनाको लागि महानगरपालिकाको तोकिएको वडा कार्यालयमा खटाउनुपर्नेछ। यसरी खटिने जनशक्तिं हेरफेर गर्न पाईने छैन। काबु बाहिरको अवस्था परी जनशक्ति हेरफर गर्नु परेमा वडा कार्यालयको सहमति लिनु पर्नेछ।

(ख) माथि खण्ड (क) बमोजिम खटिने जनशक्तिले कार्यालयको समय भरी नै वडा कार्यालयमा वडा सचिवको मातहतमा रही कामकाज गर्नुपर्नेछ। कार्यालयले आवश्यक ठानेमा कार्यालय समय अघि पछि र विदाको दिनमा समेत सो जनशक्तिले सेवा दिनु पर्नेछ।

(ग) यस कार्यक्षेत्रगत शर्त बमोजिम वडामा खटिने जनशक्तिले डिजिटल सिफारिस, अनलाईन भुक्तानी र डिजिटल नक्सा पास जस्ता वडाबाट प्रवाह हुने डिजिटल तथा अनलाईन सेवा

Scanned with CamScanner

प्रवाहमा सूचना प्रविधि सम्बन्धी आवश्यक कार्यहरु गर्ने । साथै, यो कार्यमा काठमाडौं महानगरपालिका सूचना प्रविधि विभागसँग समेत आवश्यक समन्वय गर्नुपर्नेछ ।

(घ) यस कार्यक्षेत्रगत शर्त बमोजिम वडामा खटिने जनशक्तिले वडाका जनप्रनितिधिहरु तथा वडाका सचिव लगायतका कर्मचारीहरुलाई डिजिटल सेवा प्रवाहसम्बन्धी सफ्टवेयर सञ्चालन र एप्स सम्बन्धी तालिम दिनुपर्नेछ । साथै, निजले वडाका पदाधिकारी तथा कर्मचारीको डिजिटल सेवा सम्बन्धी कार्यमा आवश्यक सहयोग एवम् सहजीकरण गर्नुपर्नेछ ।

(ङ) यस कार्यक्षेत्रगत शर्त बमोजिम वडामा खटिने जनशक्तिले वडाबाट प्रवाह हुने डिजिटल तथा अनलाईन सेवासम्बन्धी प्राविधिक कार्यमा वडा सचिवले दिने निर्देशनको पालना गर्नुपर्नेछ ।

(च) यस बुंदा नं. ३ बमोजिम ताकिएको कार्यविवरण परामर्शदाताबाट खटाइएको जनशक्तिबाट कार्य सन्तोषजनक रुपमा सम्पादन गरेको नपाइएमा निजलाई हटाउन परामर्शदातालाई निर्देशन दिने वा करार सम्झौता रद्ध गर्ने अधिकार काठमाडौं महानगरपालिका सम्बन्ध वडा कार्यालयको हुनेछ ।

**४. जनशक्तिको योग्यता**

यस कार्यक्षेत्रगत शर्त बमोजिम कार्य सम्पादनको लागि परामर्शदाता फर्म वा कम्पनीले खटाउने जनशक्तिको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :

क) सूचना प्रविधि, सफ्टवेयर तथा सो सरहको विषयमा कम्तिमा स्नातक तह उतिर्ण ।

ख) नेपाली तथा युनिकोड टाईप गर्न सक्ने ।

ग) हार्डवेयर तथा नेटवर्किंग सम्बन्धी आधारभूत ज्ञान भएको ।

घ) सर्भर व्यवस्थापनमा आधारभूत ज्ञान भएको ।

**५. सेवा शुल्क भुक्तानी**

यस कार्यक्षेत्रगत शर्त बमोजिम परामर्श सेवा आपूर्ति गरे वापत परामर्शदताले सेवा शुल्क रु. १ लाख कर सहित एकमुष्ठ प्राप्त गर्नेछ । यो सेवा शुल्क काठमाडौं महानगरपालिकाको आ.व. २०७९।८० को स्वीकृत बजेट तथा कार्यक्रमको खर्च संकेत नं. २२४१३ करार सेवा शुल्क शीर्षकमा बिनियोजित बजेटबाट खर्च लेखांकन गरी भुक्तानी उपलब्ध गराइनेछ । यो कार्यक्षेत्रगत शर्त बमोजिम परामर्श सेवा शुल्क मासिक रुपमा वढीमा ३ किस्तामा उपलब्ध गराउने समेत सकिनेछ ।

**६. विविध**

परामर्शदाता फर्म वा कम्पनी प्रचिलत कानून बमोजिम दर्ता, अनुमति पत्र प्राप्त गरी आन्तरिक राजश्व कार्यालयबाट पान तथा भ्याट दर्ता प्रमाणपत्र प्राप्त गरी चालु आर्थिक वर्ष २०७९।८० को लागि अद्यावधिक समेत भएको हुनुपर्नेछ । प्रस्तावदाता फर्म वा कम्पनी तथा सो को प्रमुख व्यक्ति कुनै सरकारी बांकी नरहेको तथा नैतिक पतन सम्बन्धी कुनै फौजदारी अभियोग नलागेको हुनुपर्नेछ । र, सो सम्बन्धी स्वघोषणा पत्र प्रस्तावसाथ वा सम्झौता गर्नू पूर्व काठमाडौं महानगरपालिकामा पेश गर्नुपर्नेछ ।

Scanned with CamScanner